Spandan College1
spandanktm@gmail.com
9841017798

Rhinos by Anuj Ghimire ||almuni Connect|| 2019-08-24 02:32:30

Contributors

Rhinos by Anuj Ghimire

‘सर, डाङ्रे...’ हाम्रो गुरुपमा भएको एक वद्यिार्थी रूखको हांगातरि देखाउँदै भने।

मैले त्यो नाम पहलि सुनेको थइिनँ।

नयाँ चरा रहेछ कभिनेर हतार गर्दै दूरबनिबाट हेर्ें।

हांगामा थयो- सारूङ ।

सारूङ? मैले उसलाई सोधें-त्यही रूखमा भएको चराको कुरा गरेको हैन?

'हो सर, हाम्रोतरि डाङ्रे भन्छन् ।'

त्यही चरालाई मैले सारूङ सारौं (जुन हाम्रोतरि भन्छन्), मैना (जुन तेसको कमन (साधारण नाम) हो, सरौटे र रूपी (पूर्वतरि) सुनेको थिएँ ।

डाङ्रे मेरो लागि नयाँ नाम थयो । पछि थाहा भयो गुल्मीतरि सरी पनि भनिने रहेछ ।

गुरुपमा भएका सल्यानका वद्यिार्थीले 'हाम्रोतरि सरौटे भन्छन् सर' भने ।

धेरै ठाउँ होलान् जहाँ यही चरालाई अरू नामले बोलाइन्छ । यस्तो नामलाई हामी स्थानीय नाम भन्ने गर्छौं । यसरी स्थानीय रूपमा दइिने नाममले वैज्ञानकि हसिाबमा धेरै गडबडी ल्याउन सक्छ । वैज्ञानकिमा नि जान पर्दैन, इको-पर्यटनको हसिाबले पनि यो महत्वपूर्ण हुन्छ ।

यही समस्या देखेर १८ औं शताब्दीमा स्वडिसि वनस्पतशिास्त्री कर्लस लनियसले नामाकरण गर्ने वैज्ञानकि वधिकिो अवष्किार गरेका थिए । जसलाई 'बाइनोमयिल नोमेन्केल्चर (Binomial Nomenclature) वधि भनिन्छ ।

जसलाई सामान्यतः वैज्ञानकि नाम (Scientific name) पनि भनिन्छ ।

वैज्ञानकि नामका दुइटा पाटा हुन्छन् । पहलिो नामलाई 'जनिस' (Genus) भनिन्छ भने दोस्रोलाई 'स्पसिजि'(Species) वा प्रजाति नाम भनिन्छ ।

जनिसले साधारण रूपमा त्यो जीवको प्रकार बताउँछ (जस्तै- सर्पका प्रकार) भने प्रजाति नामले तेसको वशिेष प्रकार बताउँछ (जस्तै- गोमन) । प्रजाति नाम फरक हुने जनावर भनि्न प्रजातिको मानिन्छ ।

वैज्ञानकि नाम आफैंमा गाह्रो हुन्छ । धेरैजसो वैज्ञानकि नाम ल्याटनि भाषाबाट आउँछन् र तनिको अर्थ हुन्छ । जस्तै; ओफयिोफेगस ह्यानाह (Ophiophagus hannah), राजा गोमनको वैज्ञानकि नाम । जहाँ ओफयिोफेगस को 'ओफयिो' ले सर्प जनाउँछ भने 'फेगस' भनेको खानु हो । अरू सर्प खाने भएकाले राजा गोमनलाई 'सर्प खाने' भनेर नामाकरण गरएिको हो ।

यस्तै गरी धेरै जनावरको नाममा अर्थ हुन्छ । जस्तै- हप्पिोपोटामस याम्फबियस (Hippopotamus amphibious) ।

हप्पिोपोटामस जनिस दुइटा ग्रकि शब्द मलिेर बनेको हो । हप्पिोस भनेको घोडा र पोटामोस भनेको पानी हो । वैज्ञानकि नामअनुसार यसको जनिसको अर्थ हुन्छ पानीमा बस्ने घोडा ।

प्रजातिको अर्थ याम्फबियस भन्नाले दुई प्रकारको जनि्दगी जउिने भनेर बुझनि्छ, जुन जल गैंडा वा हप्पिोको केसमा पानीभत्रि र पानी बाहरि हो ।

यसरी वैज्ञानकि नाम जनावरको बानी, बेहोरा वा उसले रूचाउने खाना, उसले बस्न मन पराउने वातावरण हेरेर राखएिको हुन्छ । र धेरैजसो त्यही नामको आधारमा उसले एउटा कमन नाम पाउँछ ।

वैज्ञानकि नामको प्रजाति नाम भने त्यस जनावर पहलिोपल्ट पत्ता लगाउने वा पत्ता लागेको देशको आधारमा नि राखनि्छ ।

जस्तै कि नेपालमा मात्र पाइने भनिने काँडेभ्याकुरको वैज्ञानकि नाम टुर्डोइडेस नपिालेन्ससि (Turdoides nipalensis) हो ।

त्यसको प्रजाति नाम, नेपालमा मात्र पाइने भएकोले नपिालेन्ससि भएको हो ।

त्यसै गरी नेपालमा पाइने तनकम्प खञ्जरीको वैज्ञानकि नाम फोएनकिुरस हज्सनी (Phoenicurus hodgsoni) हो, जसको प्रजाति नाम हज्सन नामको वैज्ञानकिबाट उनले पहलिो चोटि त्यो चराको व्याख्या गरेको भएर आएको हो ।

जीवजन्तुको वैज्ञानकि नाम राखएिन भने धेरै समस्या आउन सक्छ । एउटै प्रजातलिाई धेरै ठाउँमा वभिनि्न नामले बोलाउने हुँदा प्रजातिको संख्या अनुमान गर्न गाह्रो हुन्छ ।

संसारभरि जता गए नि वैज्ञानकि नाम भने एउटै प्रयोग हुन्छ । तर वैज्ञानकि नाम आफैंमा अप्ठेरो हुने भएकोले सहज पार्न साधारण वा कमन

Spandan College1
spandanktm@gmail.com
9841017798

नामको प्रयोग गरिन्छ। जुन सजिलो हुन्छ र विश्वव्यापी हुन्छ। जसले गर्दा एउटै प्रजातिलाई विभिन्नि प्रजाति भनेर झुक्किने वातावरण बन्दैन।

गोमन सर्पलाई नि संसारभरि विभिन्नि नामले चिनिन्छ।

बंगलादेशमा गोमनलाई गोक्सुरा भनिन्छ, भारतको पश्चिमि बंगालमा केउटे भनिन्छ, इजिप्टमा थाबन, बोसेक्का, गोलो, नचरि भनिन्छ।

यसरी सबैतिरको विभिन्नि नामले वैज्ञानिक प्रक्रिया होस् वा वन्यजतु पर्यटन सबै पाटामा अप्ठेरा हुने भएकोले नै वैज्ञानिक नामजस्तै विश्वव्यापी हुने गरी साधारण नाम वा कमन नामको चलन चलेको हो।

माथि भनिएका वैज्ञानिक नाम र तिनिको अर्थअनुसार नै जनावरहरूको कमन नाम बस्न जान्छ।

जलगैंडाको नाम हिप्पोपोटामसबाट हिप्पो भएको हो। अर्थ भएकोले यस्तो नाम दिइएको हो।

वैज्ञानिक नामले विभिन्नि क्षेत्र वा देशबीचमा जनावरको नाममा हुने भ्रम मेटाउन सहयोग गर्छ।

अब कुरा गरौं, गैंडाको।

गैंडाको वैज्ञानिक नाम 'राइनोसेरोस युनिकोर्नसि' (Rhinoceros unicornis) हो। यो नाम ग्रिकबाट आएको हो।

राइनोसेरोसको 'राइनो'ले नाक भन्ने बुझिन्छ भने, 'सेरोस' केरासबाट आएको हो जसले केराटिनलाई जनाउँछ।

केराटिन एउटा संरचनात्मक प्रोटिन हो जसले हाम्रो कपाल, नङ आदि बनाउँछ। गैंडाको सिङ वा खाग पनि त्यही प्रोटिनले बनेको हुन्छ।



केराटिनले बनेको नाक भएको जनावर भएकोले गैंडाको नाम राइनोसेरोस भएको हो।

प्रजाति नाममा भएको युनिकोर्नसिको युनीले 'एउटा' जनाउँछ। अर्थात् एकसिङे गैंडा।

अफ्रिकामा पाइने कालो गैंडा जसको दुइटा सिङ हुन्छ त्यसलाई डाइसेरोस बाइकोर्नसि को वैज्ञानिक नाम दिइएको छ। त्यसमा भएको डाइले दुइटा जनाउँछ भने सेरोसले केराटिन भएको, बाइले फेरि दुइटा जनाउँछ भने कोर्नले सिङ।

सामान्य रूपमा भन्दा दुई सिङे गैंडा जसरी नेपालको एक सिङे गैंडालाई एक सिङे भनेर भनिएको थियो।

वैज्ञानिक नामको आफ्नै अर्थ हुन्छ- त्यो जनावर कस्तो छ, त्यसको प्रकार कस्तो छ भन्ने हेरेर।

गैंडाको नेपाली नामको सम्मान नगरेर राइनो भनिएको होइन, त्यो जनावरको नाम नै राइनो भएर भनिएको हो।

संसारभरि सबैले राष्ट्रवादी भएर आफ्नै स्थानीय नाम लिने हो भने जनावरको अध्ययनमात्र नभएर जनावर हेर्न जानेहरू पनि धेरै भ्रममा पर्थे,

Spandan College1
spandanktm@gmail.com
9841017798

वैज्ञानिक अनुसन्धानमा हुने अप्ठेरोको त कुरै छोडदिउँ।



A female northern white rhinoceros, named Najin, who lives in a Kenyan conservation reserve, is one of the last of her kind on Earth. Credit: Tony Karumba/AFP/Getty

वैज्ञानिक रूपमा होस् या औपचारिक रूपमा राइनोलाई गैंडा भनेर हुन्न, राइनो नै भन्नुपर्छ।

अझ नेपालमा पाइने एक सङि गैंडाको कमन नाम त झन् 'ग्रेट इन्डयिन राइनोसोरस' हो।

संसारले त्यही नामले चिन्छ। त्यसो भन्दैमा नेपालको गैंडालाई कनि इन्डयिन भनेको भनेर फेरि अर्को विवाद आउला।

नेपालमा मात्रै पाइने भएको भए नि दाबी गर्नहुन्थ्यो, वा नेपालमा पहिलो पटक वर्णन गरिएको भए स्वत: नाम नेपाली राइनो हुन जान्थ्यो होला।

यस्तै तर्कका आधारमा नाम राख्ने हो भने त नेपालमा पाइने बाह्र हाते बाघको कमन नाम 'बेङाल टाइगर' हो। बेङाल टाइगरमा अरू देशको नाम जोडियो, राष्ट्रयिता झल्कएिन भनेर चतिवनमा पाइने बाघलाई चतिवन बाघ, पर्सामा पाउने बाघलाई पर्सा बाघ भन्न सुहाउला?

नेपाल जैविक विविधितामा धनीमात्र नभएर धेरै जनावरहरू पनि पाइने ठाउँ हो।

के नामले बोलाउने भन्दा पनि तिनिको प्रचारमा बरू धेरै समय खर्च गर्न सके देशलाई फाइदा पुग्थ्यो होला।

अफ्रिकाले जैविक विविधिताको उपयोग राम्रोसँग गरेको छ। सफारी गर्न नै पर्यटक त्यहाँ अफ्रिका पुग्छन्।

उनीहरूले सहिको आफ्नै स्थानयि नाम राखेका होलान्। संसारले सहिलाई लायन नै भनेर चिनेको छ। वर्तमान सन्दर्भमा राइनो भन्ने वा गैंडा भन्नेजस्तो बेअर्थको बहसमा अल्झिनुभन्दा बरू भएका राइनोबाट २०२० को भजिटि नेपाललाई कसरी राम्रोसँग प्रचार गर्न सकिन्छ भनेर सोच्ने कि?

अनि नेपालमा राइनो नै हेर्न भनेर आउने पर्यटकलाई त्यतबिलाचाहिँ यो राइनो हो, यसलाई हाम्रो देशमा के-के भनिन्छ र अरू ठाउँमा के-के भनेर चिनिन्छ भनेर सिकाएर, रोमान्चति गरेर, खुसी बनाएर फर्काउने कि?

Spandan College1
spandanktm@gmail.com
9841017798


